समाज कल्याण परिषद्

# कोष स्थापना र सञ्चालन (कार्य व्यवस्था) नियमावली-२०५५

(सातौं संशोधन-२०८१ सहित)

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
न्यायोजित विधायनको प्रकृति : नियमावली
दर्ता नं: १०२/०८२
दर्ता मिति: २०८२/१२/०२

# कोष स्थापना र सञ्चालन (कार्य व्यवस्था) नियमावली–२०५५

| संशोधन | निर्णय मिति |
|---|---|
| पहिलो संशोधन - २०६० | २०६०।१।२६ |
| दोस्रो संशोधन - २०६३ | २०६३।८।१४ |
| तेस्रो संशोधन - २०७१ | २०७१।१२।२७ |
| चौथो संशोधन - २०७२ | २०७२।४।२८ |
| पाँचौं संशोधन -२ ०७३ | २०७३।३।५ |
| छैटौं संशोधन - २०७४ | २०७४।५।१५ |
| सातौं संशोधन - २०८१ | २०८१।०५।२८ |

**प्रस्तावना**

समाज कल्याण ऐन, २०४९ को दफा २६ ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्ले देहायका नियम बनाएको छ :

## परिच्छेद - १
## प्रारम्भिक

१) **नाम र प्रारम्भ :**

१) यस नियमावलीको नाम "कोष स्थापना र सञ्चालन (कार्य व्यवस्था) नियमावली, २०५५" रहेको छ ।

२) यो नियमावली तुरुन्त लागू हुनेछ ।

२) **परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :-

क) **"ऐन"** भन्नाले समाज कल्याण ऐन, २०४९ लाई सम्झनु पर्दछ ।

ख) **"परिषद्"** भन्नाले ऐनको दफा ५ बमोजिम गठित समाज कल्याण परिषद्लाई सम्झनु पर्दछ ।

ग) **"समिति"** भन्नाले यस नियमावली को नियम ६ बमोजिम कोष सञ्चालन तथा कार्य व्यवस्था गर्न गठित प्रबन्ध समितिलाई सम्झनु पर्दछ ।

घ) **"कोष"** भन्नाले यस नियमावली बमोजिम गठन भएका वा हुने विभिन्न कोषलाई सम्झनु पर्दछ ।

ङ) **"सभापति"** भन्नाले सम्बन्धित कोषको प्रबन्ध समितिको सभापतिलाई सम्झनु पर्दछ ।

च) **"सदस्य"** भन्नाले समितिको पदाधिकारी र सदस्यलाई सम्झनु पर्दछ ।

छ) **"नियमावली"** भन्नाले कोष स्थापना र सञ्चालन (कार्य व्यवस्था) नियमावली, २०५५ लाई सम्झनु पर्दछ ।

ज) **"कर्मचारी"** भन्नाले कोषहरू सञ्चालन गर्न नियुक्त गरिएका कोषका कर्मचारीलाई सम्झनु पर्दछ ।

झ) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस नियमावली अन्तर्गत बनेको विनियममा तोकिएको वा परिषद्बाट तोकिए बमोजिम सम्झनु पर्छ ।

➢ ञ) **"कार्य सञ्चालन समिति"** भन्नाले समाज कल्याण ऐन २०४९ को दफा १० बमोजिम गठित कार्य सञ्चालन समितिलाई जनाउने छ ।

३) **नियमावलीको व्याख्या :**

१) नियमावलीको अन्तिम व्याख्या परिषद्ले गर्नेछ ।

२) नियमावली कार्यान्वयन गर्दा कुनै बाधा अड्चन आइपरेमा परिषद्को स्वीकृति लिई त्यस्तो बाधा अड्काउ फुकाउन सकिने छ ।

---

➢ तेस्रो संशोधनद्वारा थप

४) **नियमावलीको संशोधन :**

१) यो नियमावलीमा संशोधन गर्नुपरेमा सामान्यतः सम्बन्धित कोष प्रबन्ध समितिको सिफारिस बमोजिम परिषद्बाट गर्न सकिने छ ।

२) उप नियम (१) बमोजिमको सिफारिस प्राप्त नभएको अवस्थामा वा कुनै संशोधन गर्नुपर्ने भएमा उपयुक्त कारणसहित परिषद्ले संशोधन गर्न सक्नेछ ।

## परिच्छेद - २
## कोषको स्थापना र गठन

५) **कोषको स्थापना :**

● १) ऐनको उद्देश्य पूरा गर्न परिषद्ले आवश्यकता अनुसार कोषको स्थापना र सञ्चालन गर्न गराउन सक्नेछ ।

२) परिषद्बाट हाल सञ्चालन गरिएका देहाय बमोजिमका कोषहरू यसै नियमावली बमोजिम स्थापित भएको मानिने छन्

क) उपकार कोष

* ख)

❖ ग) राष्ट्रिय अपाङ्ग कोष

❖ घ) राष्ट्रिय स्वास्थ्य कोष

! ङ.) राष्ट्रिय जेष्ठ नागरिक कोष

**च) सामाजिक उद्यमशीलता कोष**

६) **कोषको गठन:**

● १) नियम ५(२) बमोजिमको कोष र कार्य सञ्चालन समितिबाट स्थापित अन्य कोष सञ्चालन गर्न कार्य सञ्चालन समितले कोषको छुट्टाछुट्टै प्रबन्ध समिति गठन गर्नेछ ।

२) तर नियम ५ (२) खण्ड (क) बमोजिमका उपकार कोषको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्यविधि, ऐनको दफा १० बमोजिम गठित परिषद्को कार्य सञ्चालन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।।

● ३) कार्य सञ्चालन समितिबाट गठन हुने प्रत्येक कोषमा देहाय बमोजिमका सदस्य रहने छन्

क) कार्य सञ्चालन समितिबाट मनोनित एक जना समाजसेवी ...........सभापति

ख) कार्य सञ्चालन समितिबाट मनोनित कोषको उद्देश्यसँग सम्बद्ध बढीमा दुईजना व्यक्ति..........................................................................................सदस्य

\+ ग) चन्दादाता वा कोषमा विशेष योगदान पुऱ्याउन सक्ने व्यक्तिहरू मध्येबाट परिषद् कार्य सञ्चालन समितिले मनोनित गरेका बढीमा चारजना व्यक्ति .... .................सदस्य

घ) सम्बन्धित समितिको बैठकको निर्णयबाट मनोनित दुईजना ......................सदस्य

ङ) जिल्ला शाखा वा जिल्ला समिति भएका कोषहरूका हकमा कोष प्रबन्ध समितिले निर्धारण गरेको कार्यविधि अनुसार छानिएका बढीमा चारजना ..................................सदस्य

च) कार्य सञ्चालन समितिबाट मनोनित व्यक्ति........... .....................सदस्य सचिव

४) उप-नियम २ को खण्ड (ख) देखि (घ) बमोजिम मनोनित सदस्यहरू मध्ये कुनै सदस्यलाई कोषको सभापतिले कुनै पदाधिकारीको काम गर्ने गरी तोक्न सक्नेछ ।

---

❖ दोस्रो संशोधनद्वारा संशोधित

* तेस्रो संशोधनद्वारा झिकिएको

● तेस्रो संशोधनद्वारा संशोधित

© चौथो संशोधनद्वारा थप

\+ चौथो संशोधनद्वारा संशोधित

! छैटौं संशोधनद्वारा संशोधित

+५) उप नियम (२) बमोजिम समिति गठन हुन नसकी वा समिति गठन नभएको अवस्थामा सामान्यतया बढीमा ६ महिनासम्मका लागि कार्य सञ्चालन समितिले कुनै व्यक्तिलाई तोकी वा कार्य सञ्चालन समितिले सोझै त्यस्तो कोष सञ्चालन गर्न गराउन सक्नेछ । तर, उपकार कोष परिषद् आफैले सञ्चालन गर्नेछ ।

६) समितिमा मनोनित सदस्यको पदावधि अविछिन्न रूपमा ४ (चार) वर्षको हुनेछ । तर देहायको अवस्थामा निजको सदस्यता कायम रहने छैन ।

क) सदस्यको मृत्यु भएमा,

ख) आफ्नो पदबाट राजीनामा दिएमा,

ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएमा,

घ) मानसिक रोग लागेको प्रमाणित भएमा ।

□ ङ) ऐन तथा यस नियमावली विपरित कार्य गरेको वा कोषको सम्पत्ति गलत ढङ्गले प्रयोग वा हिनामिना गरेको वा परिषद वा कोषको उद्देश्य तथा हित विपरीत काम गरी परिषद्को कार्य सञ्चालन समितिले पदमुक्त गरेमा ।

तर उल्लेखित प्रावधानबाट कुनैपनि सदस्यलाई पदमुक्त गर्नु अगाडि सफाईको मौकाबाट बञ्चित गरिने छैन ।

च) बिना सूचना लगातार तीन पटकसम्म समितिको बैठकमा अनुपस्थित रहेमा,

## ७) कोष संगठित संस्था मानिने :

यस नियमावली बमोजिम गठित कोषहरू संगठित संस्था मानिने छन् ।

१) कोषको काम कार्यवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

२) कोषले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमको व्यवस्था गर्न सक्नेछ ।

३) कोषले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र कोष उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

## ८) कोषको कार्यालय:

१) कोषको केन्द्रीय स्तरको कार्यालय काठमाडौं उपत्यकामा रहने छ ।

• २) कार्य सञ्चालन समितिको स्वीकृति लिई आवश्यकता अनुसार नेपालभित्र जिल्ला समिति, शाखा कार्यालय वा सम्पर्क कार्यालय खोल्न सक्नेछ ।

## ९) बैठक र निर्णय :

१) समितिको बैठक सभापतिले तोकेको समय, स्थान र मितिमा कम्तिमा वर्षको ४ पटक बस्नेछ ।

२) समितिको कूल सदस्य सङ्ख्याको कम्तीमा ५० प्रतिशत सदस्य उपस्थित भएमा समितिको गणपूरक सङ्ख्या पुगेको मानिने छ ।

३) समितिको बैठकको अध्यक्षता सभापतिले गर्नेछ । सभापतिको अनुपस्थितिमा सदस्यहरू मध्येबाट कसैले अध्यक्षता गर्नेछ ।

४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ । मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

५) समितिको बैठकको निर्णय सभापतिद्वारा प्रमाणित गरिने छ ।

६) समितिको बैठक सम्बन्धी अन्य आवश्यक कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

---

• तेस्रो संशोधनद्वारा संशोधित

\+ चौथो संशोधनद्वारा संशोधित

□ पाँचौं संशोधनद्वारा संशोधित

समाज कल्याण परिषद्
Social Welfare

## परिच्छेद - ३
## काम, कर्तव्य र अधिकार

१०) **कोषको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

१) मूल धनलाई कहिल्यै नमासिने गरी अक्षय कोषको रूपमा राखी सोको व्याज र अन्य आयस्ताहरूबाट प्राप्त भएको रकम देहाय बमोजिमको सामाजिक कल्याण सम्बन्धी कार्यमा खर्च गर्नु वा त्यस्ता काममा सहयोग पुऱ्याउनु कोषको मूल उद्देश्य हुनेछ :-

(क) कोषको उद्देश्यहरू प्राप्तिका लागि प्रभावकारी रूपमा काम गर्ने गराउने तथा कोषमा रकम सङ्कलन गर्न र कोष सञ्चालन गर्न नीति योजना कार्यक्रम/बजेटको निर्धारण गर्ने, र परिषद्को स्वीकृति लिई कार्यान्वयन गर्ने, गराउने ।

(ख) कोषमा सकेसम्म बढी रकम जम्मा गर्ने गराउने उपायहरू तयार गरी रकम सङ्कलन गर्ने गराउने र अधिकतम सुरक्षा र आयस्ता हुने गरी कोषको रकम लगानी गर्ने

(ग) कोषको रकम जम्मा गर्ने दाता वा दातृ संस्था र महानुभावहरूबाट प्रदान गरिएको रकमको आधारमा समितिले सो कामको प्रचार गर्ने गराउने ।

(घ) कोषको उद्देश्य अनुरुप कुनै कार्यक्रमका लागि अपर्झट खर्च गर्नुपर्ने वा सहायता उपलब्ध गराउनुपर्ने भएमा परिषद्को स्वीकृति लिई खर्च गर्ने गराउने ।

¥ (ङ) परिषद अन्तर्गतका कोषहरुले आफूले सम्पादन गरेका कार्यहरुको प्रगति विवरण, आर्थिक विवरण र प्रस्तावित कार्यक्रम सहितको विवरण प्रत्येक ३/३ महिनामा परिषद कार्यालयमा पेस गर्नु पर्नेछ ।

¥ (च) परिषद अन्तर्गतका कोषहरुले सामान खरिद गर्दा वा खर्च गर्दा जतिसुकै रकम भएपनि परिषद कार्यालयको स्वीकृति लिई खर्च गर्नु पर्नेछ ।

¥ (छ) परिषद अन्तर्गतका कोषहरुले नेपाल सरकार वा कुनैपनि व्यक्ति, स्वदेशी तथा विदेशी संघसंस्था र निकायसँग कुनैपनि सम्झौता गर्दा वा आर्थिक सहयोग लिँदा परिषद कार्यालयको स्वीकृति लिई मात्र गर्नु पर्नेछ ।

२) यस नियमावली बमोजिम कोषको कार्य सञ्चालन गर्न आवश्यक निर्देशन नियन्त्रण र समन्वय गर्ने गराउने ।

३) आवश्यकता अनुसार कोषको कार्य सञ्चालन गर्न सदस्य तथा पदाधिकारीको काम, कर्तव्य र अधिकार तोक्ने ।

४) समितिले आवश्यकता अनुसार सदस्य तथा पदाधिकारी वा कुनै उपसमितिलाई कुनै वा सबै अधिकार प्रत्यायोजना गर्ने ।

५) यस नियमावलीको अधीनमा रही कोषका उद्देश्यहरू कार्यान्वयन गर्ने गराउने ।

६) यस नियमावलीमा उल्लेख गरिएको कामको अतिरिक्त परिषद्ले समय समयमा दिएको निर्देशन बमोजिम कार्य गर्ने गराउने ।

७) यस नियमावली अनुसार गठित समितिले कोषको सर्वोपरी हितलाई ध्यानमा राखी अविछिन्न उत्तराधिकारवाला स्वशासित संस्थाको रूपमा काम गर्नेछ । तर, कोष मास्ने वा घटाउने वा एउटा उद्देश्यका लागि गठन भएको कोषको सम्पत्ति अर्को कोषमा गाभ्ने वा हस्तान्तरण हुनसक्ने छैन ।

११) **उपकार कोषको काम, कर्तव्य र अधिकार :**

१) उपकार कोषको काम कर्तव्य र अधिकार यस नियमावलीको नियम ६ उपनियम (२) मा उल्लेख भए बमोजिम हुनेछ ।

२) उप नियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको सञ्चालन तथा व्यवस्थापन देहायका कुराहरूको अधीनमा रही गर्नुपर्ने छ ।

Social Welfare Council २०४९

क) अनाथ, निःसहाय एवम् ज्यादै दीनहीन अवस्थामा रहेका गरिब, दुःखी, रोगीहरूलाई अत्यन्त आवश्यक सहायता पुऱ्याउने,

• ख) परिषद्को कार्य क्षेत्रभित्र पर्ने सामाजिक संघ/संस्थाका तर्फबाट भैरहेको समाज कल्याण कार्यमा आवश्यक सहयोग पुऱ्याउने,

ग) दैवी प्रकोपबाट सङ्कटमा परिरहेका व्यक्तिहरूको उद्धार गर्नका लागि सहयोग गर्ने,

घ) धार्मिक सांस्कृतिक स्थलको जिर्णोद्वार वा निर्माण कार्य गर्ने,

ङ) समय समयमा परिषद्ले निर्धारण गरेका सामाजिक कल्याण र परोपकार सम्बन्धी कार्य गर्ने,गराउने,

➢ च) समाज विकास वा समाज कल्याण सम्बन्धी कार्य विभिन्न संघ/संस्थाबाट गर्ने गराउने ।

# १२)

❖ १३) **राष्ट्रिय अपाङ्ग कोषको काम, कर्तव्य र अधिकार :**

१) असहाय अपाङ्गको पालन पोषणका लागि स्थापित संस्थालाई आर्थिक सहयोग प्रदान गर्ने, गराउने ।

२) असहाय अपाङ्गको शिक्षा वा तालिमको व्यवस्था गर्ने ।

३) शिक्षा वा तालिम प्राप्त गर्न चाहने वा गरिरहेको असहाय अपाङ्गलाई छात्रवृत्ति प्रदान गर्ने, गराउने ।

४) असहाय अपाङ्गको शारीरिक, मानसिक एवम् बौद्धिक विकास तथा पुनःस्थापनाको योजना तर्जुमा, कार्यान्वियन र मूल्याङ्कन कार्यमा सहयोग गर्ने, गराउने ।

५) अपाङ्ग सम्बन्धी अनुसन्धान र तथ्याङ्क सङ्कलन सम्बन्धी काम गर्ने, गराउने ।

६) समितिले समय समयमा निधो गरेको अपाङ्ग कल्याण सम्बन्धी कार्य गर्ने ।

७) अपाङ्ग कल्याण सम्बन्धी कार्यमा लागेका संघ/संस्थालाई आवश्यक सहयोग पुऱ्याउने ।

८) अपाङ्गको पुनर्स्थापनाको लागि कृत्रिम अङ्ग एवम् ह्वील चियरको व्यवस्था मिलाउने ।

९) कोषको आय आर्जनको उद्देश्यले सञ्चालन गरेका कार्यक्रमलाई संरक्षण एवम् प्रभावकारी रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

१०) साहसी एवम् प्रभावशाली अपाङ्गहरूलाई आवश्यक कदर एवम् सम्मान दिने दिलाउने व्यवस्था मिलाउने ।

❖ १४) **राष्ट्रिय स्वास्थ्य कोषको काम, कर्तव्य र अधिकार :**

१) विपन्न वर्गका व्यक्तिहरू र विशेष गरी महिलाहरूको स्वास्थ्य संरक्षण र उपचारका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने, समन्वय गर्ने र मध्यस्थकर्ताको भूमिका निर्वाह गर्ने ।

२) असहाय व्यक्तिहरूलाई स्वास्थ्योपचार सहयोग उपलब्ध गराउने प्रयोजनार्थ सरकारी र निजी अस्पताल, नर्सिङ्ग होमसँग समन्वय गर्ने ।

३) एकीकृत रुपमा आर्थिक एवम् सामाजिक सुधारका कार्यक्रमहरूको माध्यमबाट स्वास्थ्य सुधारका लागि प्रयास गर्ने, विपन्न समुदायहरुमा नमुना कार्यक्रमहरू सञ्चालन गर्ने ।

४) आवश्यकता बमोजिम जिल्लास्तरमै राष्ट्रिय स्वास्थ्य कोषको गठन गरी कार्य गर्ने गराउने ।

५) कोषको कार्य एवम् सामाजिक कल्याणका कामहरू नेपाल सरकारको नीति अनुरुप विपन्नहरूलाई सेवा उपलब्ध गराउने आवश्यक स्रोत र साधनको खोजी एवम् परिचालन गर्ने ।

© १४क) **जेष्ठ नागरिक कोषको अधिकार क्षेत्र :**

१) जेष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्नका लागि नीति, योजना, कार्यक्रम बनाई लागू गर्ने/गराउने

२) जेष्ठ नागरिकहरूका लागि हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रको स्थापना गरी सञ्चालन गर्ने/गराउने ।

---

❖ दोस्रो संशोधनद्वारा संशोधित

• तेस्रो संशोधनद्वारा संशोधित

➢ तेस्रो संशोधनद्वारा थप

# चौथो संशोधनद्वारा झिकिएको

३) जेष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्नका लागि सहयोग प्रदान गर्ने ।
४) जेष्ठ नागरिकको स्वास्थ्य उपचारको व्यवस्था मिलाउने ।
५) जेष्ठ नागरिकको उपयुक्त आवास तथा खानपानको व्यवस्था मिलाउने ।
६) जेष्ठ नागरिकलाई शारीरिक सक्षमताका हिसाबले यथायोग्य कार्यमा लगाउन व्यवस्था मिलाउने ।
७) जेष्ठ नागरिकलाई यातायातलगायत राज्यबाट प्रदत्त सम्पूर्ण सेवा सुविधा उपलब्ध गराउन पहल गर्ने ।
८) जेष्ठ नागरिकहरूलाई आवश्यक मानवीय आवश्यकता परिपूर्ति भएको न्यायपूर्ण र आत्मासम्मान साथ बाँच्न पाउने अवस्थाको सिर्जना गर्ने ।
९) जेष्ठ नागरिक सम्बन्धी भएका कानुनी व्यवस्था, नीति, नियमहरू, उपलब्ध सेवा सुविधाहरू एवम् संस्थागत संरचनाहरू अध्ययन र अनुसन्धान, अनुगमन गरी जेष्ठ नागरिकलाई मानव अधिकारका मापदण्ड बमोजिम मर्यादित जीवन यापन गर्न आवश्यक व्यवस्था मिलाउने साथै यस सन्दर्भमा अपर्याप्त विषयहरू पहिचान गरी राज्य तथा समाजलाई आवश्यक सहयोग, सल्लाह तथा सुझाव उपलब्ध गराई सचेत गराउने
१०) जेष्ठ नागरिकका लागि पुस्तकालय, वाचनालय, खेलकुद र मनोरन्जन, जस्ता साधन सुविधाहरू जुटाउने ।
११) जेष्ठ नागरिकहरूलाई उनीहरूको इच्छानुसार आध्यात्मिक कार्यमा संलग्न हुन व्यवस्था मिलाउने ।
१२) जेष्ठ नागरिकका सीप/दक्षतालाई एक-अर्कामा आदान-प्रदान गर्ने व्यवस्था मिलाउने ।
१३) जेष्ठ नागरिकका हक, हित, सुविधा तथा कल्याणका लागि अन्य सबै उपायहरू अवलम्बन गर्ने ।

१४ख) सामाजिक उद्यमशीलता कोषको उद्देश्य :

(१) सामाजिक क्षेत्रलाई परनिर्भरबाट आत्मनिर्भर बनाई सामाजिक उद्यमका क्षेत्रमा रुपान्तरण गराउने ।

(२) सामाजिक संघसंस्थालाई सामाजिक उद्यमशीलताको अवधारणा, मर्म र अभ्यास बमोजिम क्रियाशील बनाई दीगो विकासका लागि आयमूलक, रोजगारमूलक, सेवामुलक असल अभ्यास जस्ता बौद्धिक सम्पत्ति आर्जन गर्ने कार्यक्रम गर्न उत्प्रेरित गर्ने ।

(३) आर्थिक रुपले विपन्न, महिला वा सीमान्तकृत समुदाय वा विपद्का कारण आर्थिक संकटमा परेका समुदायको आर्थिक उन्नतीका लागि सामाजिक उद्यमशीलताका लक्षित कार्यक्रमहरु गर्न सरोकारवलाहरुसँग समन्वय, सहयोग र सहकार्य गर्ने ।

(४) सामाजिक संघसंस्थाहरु तथा सामाजिक क्षेत्रका क्रियाकलापहरुलाई उत्पादन, उत्पादकत्व र उद्यमशीलता तर्फ उत्प्रेरित गर्ने ।

(५) संघसंस्थाहरुको सामाजिक उद्यमशीलता कार्य सञ्चालन गर्ने संस्थागत विकास र क्षमता अभिवृद्धि गर्ने ।

(६) सामाजिक उद्यमशीलता मार्फत वैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशको उत्पादनमुलक क्षेत्रमा लगाउन तथा युवाहरुलाई रोजगारी, आयआर्जनमा लगाउत प्रेरित गर्ने कार्यमा सामाजिक संघसंस्थालाई परिचालन गर्ने तथा आवश्यक समन्वय र सहजीकरण गर्ने ।

(७) सामाजिक उद्यमशीलता सम्बन्धी अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि कार्यक्रम एवं विशेष प्रकारका अनुसन्धान तथा विकासका कार्य गर्ने ।

**१४ग) सामाजिक उद्यमशीलता कोषको काम, कर्तव्य र अधिकार :**

(१) कोषको उद्देश्य अनुसारका कार्य गर्ने, गराउने ।

(२) सामाजिक उद्यमशीलताको कार्य गर्ने संघसंस्थाहरुको पहिचान, अभिलेखीकरण गर्ने, गराउने ।

(३) कोषले सरकारी, गैरसरकारी, निजी क्षेत्र लगायत् विभिन्न सामाजिक क्षेत्रसँग साझेदारी गरेर सामाजिक उद्यमशीलता सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।

(४) सामाजिक उद्यमशीलता सम्बन्धमा सामाजिक क्षेत्रले सन्चालन गरेका कार्यक्रममा सहयोगी हुने र लगानी प्रवर्धन गर्ने कार्यक्रम सन्चालन गर्ने ।

(५) निजी क्षेत्रका उद्यमीहरुले सामाजिक उत्तरदायित्व अन्तर्गत परिचालन गर्नु पर्ने रकमलाई सामाजिक उद्यमशीलतामा लगानी गर्न सहजीकरण गर्ने ।

(६) आर्थिक रुपले विपन्न वर्गको सशक्तिकरण तथा विकासका लागि सामाजिक उद्यमशीलता मार्फत स्वरोजगार, रोजगारी तथा आय आर्जन गर्न गराउन सहयोग गर्ने ।

(७) उद्योग, बैंक तथा वित्तीय संस्था लगायतबाट सामाजिक उद्यमशीलता प्रवर्धन गर्न सहजीकरण गर्ने ।

(८) सामाजिक उद्यमशीलताको कार्यको प्रगति समीक्षा गरी प्रतिवेदन पेस गर्ने ।

(९) सामाजिक उद्यमशीलता सम्बन्धी अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि कार्यक्रम एवं विशेष प्रकारका अनुसन्धान तथा विकासका कार्य गर्ने ।

(१०) सामाजिक उद्यमशीलता सम्बन्धमा परिषद वा कार्य सञ्चालन समितिले तोकेका आवश्यक अन्य कार्य गर्ने, गराउने ।

Δ१५) **कोषको कार्य सञ्चालनका लागि उपसमिति गठन गर्न सकिने :**
कोषको आफ्नो कार्य सम्पादन गर्न गराउनका लागि समितिले जिल्ला शाखा वा समिति वा उपसमिति वा कार्यदल गठन गर्न वा संयोजकको व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद - ४
## कोषको लेखा र लेखा परीक्षण

१६) **कोष:**

१) यस नियमावली बमोजिम स्थापित कोषहरूको आ-आफ्नै नाउँमा छुट्टै कोष हुनेछ र कोषमा देहायका रकम रहने छ ।
(क) नेपाल सरकारबाट प्राप्त रकम,
(ख) परिषद्‌बाट प्राप्त रकम,
(ग) कोषको आफ्नो चल अचल सम्पत्तिमा प्राप्त रकम,
(घ) कुनै राष्ट्र, संस्था वा व्यक्तिले चन्दा सहायता, अनुदान वा दान दातव्यको रूपमा प्रदान गरेको रकम,
(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

(२) सम्बन्धित कोषमा प्राप्त सबै रकम कोषको नाउँमा (क) वर्गको कुनै वाणिज्य बैंकमा खाता खोली राखिने छ । उक्त खाता परिषद कार्यालयबाट खटाइएको प्रतिनिधि, सम्बन्धित कोषको सभापति र सदस्य सचिव मध्ये परिषद कार्यालयको प्रतिनिधिको हस्ताक्षर अनिवार्य र सभापति र सदस्य सचिव मध्ये कुनै एकको हस्ताक्षरबाट संचालन हुनेछ ।

Δ २०६०।१।२६ को पहिलो संशोधनबाट थप नियम १४ देखि ३१ सम्मको क्रमाङ्कलाई १५ देखि ३२ हुने गरी मिलाइएको ।

(३) सम्बन्धित कोषको तर्फबाट व्यहोरिने सम्पूर्ण खर्च उप-नियम (२) बमोजिमको खाताबाट व्यहोरिने छ ।

(४) समितिले आवश्यकता अनुसार कार्य सञ्चालन खाता खोल्न सक्नेछ ।

(५) समितिको खाता "समितिको" निर्णय बमोजिम सञ्चालन गरिने छ ।

(६) यसरी कोषमा जम्मा गर्दा कुनै स्रोतबाट लिने रकम प्रचलित कानुन अनुसार नेपाल सरकार वा अन्य निकायको स्वीकृति लिनुपर्ने भएमा सोही बमोजिम स्वीकृति समेत लिनुपर्ने छ ।

१७) **अक्षय कोषको स्थापना :**

१) नेपाल सरकार वा परिषद्‌बाट विभिन्न विशेष अवसरमा गठित समितिको तर्फबाट उठाइएको रकम एकमुष्ट रूपमा अक्षय कोषमा जम्मा गरी निश्चित उद्देश्य र लक्ष्य राखी अक्षयकोष स्थापना गर्न सकिने छ । तर यसरी स्थापित अक्षयकोषहरू नाशमास गर्न पाइने छैन ।

•२) उपनियम (१) का अतिरिक्त कार्य सञ्चालन समितिको स्वीकृति लिई अक्षयकोषको स्थापना र सञ्चालन गर्न सकिने छ ।

३) दाताहरूको इच्छा बमोजिम खर्च गर्ने गरी विभिन्न कोषको अन्तर्गत छुट्टै कुनै कोष स्थापना गर्न गराउन सकिने छ ।

४) अक्षय कोषबाट प्राप्त हुने रकम नियम १५ बमोजिम खोलिएको कोषमा जम्मा गरिने छ । अक्षयकोषमा रहेको मूलधनको ब्याज मात्र कोषमा उद्देश्य बमोजिमको कार्यमा खर्च गर्न गराउन सकिने छ ।

१८) **कोषको वृद्धि :**

१) कोषको वृद्धिका निम्ति समितिले आवश्यक कार्यक्रम तथा विविध उपाय अपनाउन सक्नेछ र यस्ता कार्यक्रम सञ्चालन गर्दा प्रचलित नियमानुसार आवश्यक भएमा परिषद् र नेपाल सरकारको स्वीकृति लिनुपर्ने छ ।

२) कुनै दाताले कोषको उद्देश्य पूरा गर्न कुनै चल अचल सम्पत्ति प्रदान गरेमा सो पनि कोषको रूपमा स्वीकार गर्न सक्नेछ । त्यस्तो सम्पत्तिलाई दाताको इच्छा बमोजिम परिषद्‌को स्वीकृति लिई बिक्री गरी अक्षयकोषमा रकम थप गर्न वा छुट्टै कुनै अन्य कोषको रूपमा राख्न सकिने छ ।

१९) **अक्षय कोषको वृद्धि :**

समितिको अक्षयकोष वा समितिबाट स्थापित अक्षयकोष समेतबाट प्राप्त हुने वार्षिक ब्याज मध्येबाट १५ देखि २५ प्रतिशत बराबर हुने रकम सम्बन्धित अक्षयकोषमा वर्षेनी थप गरिने छ । आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र यस्तो रकम कोषमा थप गराउने जिम्मेवारी समितिको हुनेछ ।

२०) **लेखा परीक्षण :**

१) समितिको लेखा नेपाल सरकारबाट तोकेको ढाँचामा राखिने छ ।

•२) समितिको लेखापरीक्षण कार्य सञ्चालन समितबाट वा कार्य सञ्चालन समितिले तोकेको लेखापरीक्षकबाट गरिने छ ।

३) परिषद्‌ले चाहेमा समितिको लेखा, हिसाब किताब र तत्सम्बन्धी कागजात, नगदी, जिन्सी समेत जुनसुकै बखत जाच्न वा जाच्न लगाउन वा रोक्का राख्न सक्नेछ ।

## परिच्छेद - ५

## जिल्ला समिति र सदस्यता

२१) **जिल्ला कोष प्रबन्ध समिति:**

१). कोषको केन्द्रीय समितिले तोकेका आवश्यक सर्त पूरा गरेका जिल्लाहरूमा जिल्ला कोष प्रबन्ध समिति गठन गर्नसक्ने छ ।

२) जिल्ला कोष प्रबन्ध समितिको गठन, काम कर्तव्य अधिकार सम्बन्धित समितिले तोके बमोजिम हुनेछ ।

* तेस्रो संशोधनद्वारा संशोधित

२२) **कर्मचारी सम्बन्धी व्यवस्था:**

१) समितिको काम कारबाही सुचारू र प्रभावकारी रूपमा सञ्चालन गर्न, गराउन परिषद्को कर्मचारी सेवा शर्त नियमावलीको प्रतिकूल नहुने गरी कोषले कर्मचारी सेवा शर्त विनिमयम बनाई लागू गर्नसक्ने छ । सम्बन्धित कोषका कर्मचारीहरूले त्यसै विनियमावली अनुसार मात्र सेवा सर्त सुविधा पाउने छन् ।

२) समितिका कर्मचारीहरूलाई उप-नियम (१) बमोजिम तर्जुमा गरिएको कर्मचारी सेवा शर्त विनियमावली बमोजिम मात्र तलब भत्ता र अन्य सुविधा प्रदान गरिने छ ।

३) उप-नियम (१) बमोजिमको कर्मचारी सेवा सर्त विनियम बनाउँदा कोषतर्फका कर्मचारीको सेवा अवधि सोही कोष कायम रहेसम्म स्थायी हुन सक्ने गरी बनाउनुपर्ने छ ।

४) यस नियम बमोजिम नियुक्त हुने कर्मचारीको सेवा सर्त निर्धारण गर्दा परिषद्मा अतिरिक्त व्ययभार बढने वा परिषद् सेवा तर्फको कर्मचारीमा गाभिने गरी बनाउन पाइने छैन ।

२३) **करारमा कर्मचारी लिन सकिने:**

१) स्थायी रूपमा पूर्ति हुन नसक्ने वा पूर्ति हुन नसकेको पदमा वा कुनै म्यादी वा अस्थायी पदमा वा परियोजनाका लागि आवश्यक जनशक्ति समितिले करार सेवा बमोजिम काममा लगाउन सक्नेछ । तर, यसरी करारमा काम लगाउँदा एक पटकमा एक वर्षभन्दा बढी समयका लागि काममा लगाउन पाइने छैन ।

२४) **विशेष सम्मान:**

समितिले कोषको उद्देश्य पूरा गर्न विशेष योगदान दिने व्यक्ति वा संस्थालाई कोषबाट सम्मान प्रदान गर्न परिषद्को स्वीकृति लिनु पर्दछ ।

२५) **प्रतिवेदन:**

समितिले कोषको वार्षिक आय-व्यय विवरण तथा प्रगति कार्यको प्रतिवेदन बर्षेनी परिषद् परिषद्मा पठाउनुपर्ने छ ।

२६) **कोषमा हेरफेर :**

यस नियमावली बमोजिम गठित समितिले कोषको अचल सम्पत्ति र समितिलाई प्राप्त अक्षय कोष, समितिले हक छोडी हस्तान्तरण गर्न वा अक्षयकोष नयाँ किसिमले परिचालन गर्न परेमा परिषद्को पूर्व स्वीकृति लिनुपर्ने छ ।

२७) **विनियम लागू हुने :**

समितिको आफ्नो कार्य सञ्चालनका लागि बनाएको विनियम तथा अन्य निर्देशिका परिषद्को पूर्व स्वीकृति लिई मात्र लागू गर्नुपर्ने छ ।

२८) **बजेट र कार्यक्रम:**

* समितिको वार्षिक बजेट र कार्यक्रम समितिद्वारा तर्जुमा गरी स्वीकृतिका लागि कार्य सञ्चालन समितिमा पठाउनुपर्ने छ । कार्य सञ्चालन समितिले स्वीकृत गरे अनुसार कार्यक्रम सञ्चालन गर्नु समितिको कर्तव्य हुनेछ ।

• तेस्रो संशोधनद्वारा संशोधित

२९) **खरिद तथा निर्माण व्यवस्था:**

१) परिषद्को आर्थिक नियमावलीसँग नबाझिने गरी समितिको खरिद तथा निर्माण व्यवस्था सम्बन्धी विनियम बनाई लागू गर्नसक्ने छ।
२) जिन्सी आम्दानी र खर्चका सम्बन्धमा पनि समितिले निर्णय गरी विनियम बनाई लागू गरेको व्यवस्था बमोजिम गर्नु गराउनुपर्ने छ।

३०) **समितिका सदस्यहरूको सुविधा व्यवस्था:**

(क) कोषका सदस्यहरुको सेवा सुविधा सम्बन्धी व्यवस्था :- कोषका सदस्यहरुको सेवा सुविधा सम्बन्धी व्यवस्था कोषको आर्थिक स्थितिलाई दृष्टीगत गरी परिषद कार्य संचालन समितिले तोके बमोजिम हुनेछ।
(ख) परिषद अन्तर्गतका कोष संचालनका लागि आवश्यक पर्ने कर्मचारीहरुको नियुक्ति, निजहरुको सेवा सर्त, सजाय, बर्खास्ती समेतको व्यवस्था परिषद कर्मचारी सेवा शर्त नियमावली बमोजिम परिषद कार्यालयले गर्नेछ।

३१) **अधिकार प्रत्यायोजन:**
समितिले आफूलाई प्राप्त अधिकार कुनै सदस्य वा उप-समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

३२) **खारेजी र वचाउ :**

१) नियम ५ बमोजिम यस अघिका गठित कोषहरूको कोष सम्बन्धी सबै नियम विनियमहरू खारेज गरिएका छन्। सो नियम, विनियम बमोजिम गठित समितिहरू स्वत: खारेज हुनेछन्।
२) नियम ५ बमोजिम यस अघिका कोषका नियम विनियम बमोजिम भए गरिएका वा परिषद्बाट गरे गरिएका सबै कार्य यसै नियमावली बमोजिम भएको मानिने छ।
३) कोषको हक र दायित्व यस नियमावली बमोजिम गठित समितिमा सर्नेछ।
४) यस नियमावलीमा परिषद्ले वा परिषद्वाट गर्ने भनी तोकिएका कार्यहरू ऐनको दफा १० बमोजिम गठित कार्य सञ्चालन समितिले गर्न सक्नेछ। तर, नियम ४ को प्रावधानको हकमा सोही नियममा व्यवस्था भए बमोजिम हुनेछ।

➢ ३३) **खारेजी :**
परिषद्ले आवश्यक ठानेमा कोषको खारेज गर्न सक्नेछ।

• तेस्रो संशोधनद्वारा संशोधित
➢ तेस्रो संशोधनद्वारा थप